पाठ २१

१	**प्रार्थना**

समूहको अगुवा - प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

२	**आराधना** (२० मिनेट) **[परमेश्वरको विशेषता]** **परमेश्वर महान् र सृजनात्मक हुनुहुन्छ**

मनन गर्नुहोस्।
'परमेश्वर महान् र सृजनात्मक हुनुहुन्छ' भन्ने शिक्षा पढ्नुहोस् अथवा सिकाउनुहोस्।

भजनसङ्ग्रह १३९:१३-१८ पढ्नुहोस्।

परमेश्वरले हाम्रो मानव शरीर सुन्दर अनि अनौठो किसिमले बनाउनुभएको छ! वृद्धि हुने प्रक्रियाको सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ र उक्त वृद्धि-प्रक्रिया र घटना आफैमा ठूलो आश्चर्यकर्म हो। मानव शरीर निरन्तर बढ्दै र आफै नवीकरण हुँदैजान्छ। हामीले विचार गर्न सक्ने सबैभन्दा सानो जीवित प्राणी अथवा वनस्पतिको सृष्टिकर्ता परमेश्वर नै हुनुहुन्छ।

१. रगत जम्नु

जब कुनै व्यक्तिको शरीरमा चोट लाग्छ अथवा कुनै भाग काटिन्छ, त्यहाँबाट रगत बग्न थाल्छ र केही बेरयपछि त्यो रोकिन्छ। अनि घाउ-चोटमा जमेको रगत सुक्छ र त्यो कडा भएपछि बिस्तारै त्यो घाउ-चोट निको हुँदैजान्छ। तर रगत जम्नु जटिल प्रक्रिया हो र त्यसमा आइपर्ने विपत्तिलाई हटाउन ठूलो परिशुद्धता आवश्यक पर्छ। दबाबमा बहिरहेको रगतको नली प्वाल पऱ्यो भने, तुरुन्तै त्यस ठाउँमा रगत जमाउनु पर्छ होइन भने त्यहाँबाट सबै रगत बहेर मानिसको मृत्यु हुनेछ। यदि तपाईंको शरीरमा गलत समय र गलत स्थानमा रगत जम्यो भने त्यसले रक्त सञ्चालनमा रोकावट ल्याएर मानिसलाई हृदयघात भई आकस्मिक बिरामीमा पुऱ्याउँछ। रगत जम्ने प्रक्रिया रक्तनली काटिएको ठाउँमा मात्र सीमित हुनुपर्छ होइन भने सम्पूर्ण रक्त प्रणाली जमेर मानिसको मृत्यु हुन्छ।

मानिसको शरीरमा ठूलो मात्रामा इन्जाइमहरू (रासायनिक प्रतिक्रियालाई उत्प्रेरित गराउने प्रोटिनहरू) निष्क्रियरूपमा रहिरहेका हुन्छन् र ती सक्रिय हुनको निम्ति हमेसा तयार रहन्छन्। रगत जम्ने प्रक्रिया भनेको नदीबाट झर्ने छाँगो अथवा झरनाजस्तो हो: जहाँ पहिलो तत्वले दोस्रो तत्वलाई क्रियाशील तुल्याउँछ र त्यसले तेस्रो तत्वलाई सक्रिय तुल्याउँदै जान्छ। केही इन्जाइमहरूले रगत जम्न मद्दत गर्छ, अरू इन्जाइमहरूले सुरक्षा दिने, रगत जम्नुपर्ने ठाउँ तोक्ने र जमेको रगतलाई हटाउने काम गर्छ। अर्को कुरा के हो भनी ती इन्जाइमहरू काम गर्नको निम्ति अर्को किसिमका इन्जाइमहरूमा भर पर्ने गर्छ; जस्तै: तिनीहरूको क्रियाकलापमा काम गर्न, वृद्धि हुन र बन्द हुन। चोट लागेको ठाउँमा ठीक समयमा रगत रोक्नको लागि ती सबै इन्जाइमहरू उपस्थित हुन आवश्यक छ। रगत जम्ने व्यवस्था भनेको एउटै व्यवस्था हो, जसमा रगत जम्नको निम्ति भित्रबाट आधारभूत कामहरू गरेर योगदान दिने थुप्रै आन्तरिक तत्वहरू समावेश भहेका हुन्छन्। त्यसबाट एउटा तत्वलाई हटाइदियो भने त्यस व्यवस्थाले काम गर्न सक्दैन। यस्तो जटिल व्यवस्था केवल परमेश्वरले मात्र सृजना गर्न सक्नुहुन्छ!

२. मानव शरीरका कोषहरू

मानव शरीरमा अनगिन्ती सङ्ख्यामा कोषहरू हुन्छन्। मानव शरीरको प्रत्येक किलोग्राममा २०,००,००,००,००,००० (बीस खरब) कोषहरू हुन्छन् भनी अनुमान लगाइन्छ! प्रत्येक कोषमा १० वटा अति सुक्ष्म शक्ति-केन्द्रहरू हुन्छन्, जसले शरीरमा विभिन्न कामहरू गर्नको निम्ति आवश्यक शक्ति उत्पादन गर्ने गर्छ। ती प्रत्येक शक्ति-केन्द्रमा उत्पादन हुने शक्तिद्वारा नै हामी हिँड्न, दौडन, विचार गर्न, बोल्न र अरू कामहरू गर्न सक्छौँ। प्रत्येक शक्तिकेन्द्र १ माइक्रोमिटरभन्दा साना हुन्छन् (१ मिलिमिटरमा १००० माइक्रोमिटर हुन्छ)! यो शक्तिको स्रोत अति नै सानो भए तापनि जब ती सबै कोषहरू मिलेर ठूलो शक्ति उत्पन्न गर्छन्, तब त्यसले मानिसलाई हेरक काम गर्न सक्षम बनाउँछ!

३. मानिसको फोक्सोमा हुने हावा-थैलीहरू

मानिसको फोक्सोमा अति धेरै सङ्ख्यामा ससाना नलीसँग जोडिएका हावा-थैलीहरू हुन्छन्। एक जना मानिसको फोक्सोमा ६०,००,००,००० (छाठी करोड) भन्दा बढी त्यस्ता हावा-थैलीहरू हुन्छन् भनी अनुमान लगाइन्छ! ती हावा-थैलीहरूको चारैतिरको भित्ताहरूमा रगतका ससाना नलीहरू जालीजस्तो गरी फैलिएका हुन्छन्, जसले ती हावा-थैलीहरूबाट अक्सिजन तानेर शरीरको अरू भागहरूमा पठाउने काम गर्छन्। ती हावा-थैलीहरूका भित्ताहरूलाई यति चलाकीसाथ पट्ट्याइएको हुन्छ, कि यदि तपाईंले त्यसलाई खोलेर फिजाउनुभयो भने त्यसले फुटबल खेल्ने चउरलाई ढाक्दछ! एकपटक कल्पना गर्नुहोस्, कि फुटबल खेल्ने चउरलाई ढाक्न सक्ने वस्तुलाई पट्ट्याएर कसरी तपाईंको फोक्सोभित्र मिलाएर राखिएको होला!

ठूलो सुक्ष्मदर्शक यन्त्रको सहायताले हामी मानव शरीरको साना-साना कोषहरू र फोक्सोमा भएका हावा-थैलीहरू अध्ययन गर्न सक्छौँ। ती साना कोषहरू र हावा-थैलीहरू कसले बनाएको हो? कोषहरू र हावा-थैलीहरू सबैभन्दा साना सृष्टिभित्र पर्दछन्! परमेश्वरले मानिसलाई अनौठो किसिमले सृष्टि गर्नुहुँदा ती सुक्ष्म कोषहरू र हावा-थैलीहरू पनि बनाउनुभयो भनी बाइबलले बताउँछ! यदि हामीले आफ्नै शरीरभित्रका यस्ता अचम्मका कुराहरू बुझ्न सक्दैनौँ भने सम्पूर्ण मानव शरीरको सृष्टिकर्तालाई कसरी बुझ्न सक्छौँ? अचम्मले बनाइएको मानव शरीरले अचम्मको परमेश्वरको अस्तित्वलाई प्रमाणित गर्छ!

आराधना गर्नुहोस्।
ससाना कुराहरूको सृष्टिकर्ता र मानव शरीरको कल्पनै गर्न नसकिने जटिल प्रणालीहरू बनाउनुहुने परमेश्वरको अनौठो सृष्टिको विशेषताको निम्ति उहाँको आराधना गर्नुहोस्! तपाईं अद्भुद अनि आश्चर्यपूर्ण ढङ्ग बनाइनुभएकोले परमेश्वरको आराधना गर्नुहोस्। सानो-सानो समूहरूमा अथवा तीन-तीन जनाको समूहमा रहेर परमेश्वरको आराधना गर्नुहोस्।

३	**सिकेको कुरा बाँड्नु** (२० मिनेट)	**[शान्त समय]** **रोमी १-४ अध्यायहरू**

तोकिएको बाइबल खण्ड (रोमी १-४ अध्यायहरू) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के कुरा सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)।
अरूले बाँड्दैगरेको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

४	**शिक्षा** (७० मिनेट)	**[पवित्र आत्मा]** **पवित्र आत्माको व्यक्तित्व र कामहरू**

डोटा तालिम कार्यक्रममा पवित्र आत्माको बारेमा निम्नलिखित शिक्षाहरू राखिएका छन्

निर्देशिका पुस्तक २, पाठ २१	पवित्र आत्माको स्वभाव, मानिसहरूमा र मण्डलीमा उहाँका काम
निर्देशिका पुस्तक २, अतिरिक्त लेख २	इसाईहरूको दु:ख-कष्टहरूको बीचमा पवित्र आत्मा रहनुहुन्छ
निर्देशिका पुस्तक ४, पाठ ४५	पवित्र आत्माको विशेष कामहरू: पवित्र आत्माको बप्तिस्मा, आत्माको भरपूरी र आत्माको फल
निर्देशिका पुस्तक ७, पाठ ३५	पवित्र आत्माको वरदानहरू
निर्देशिका पुस्तक ७, परिशिष्ठ लेख २	पवित्र आत्माको अन्य वरदानहरू

क. पवित्र आत्माको स्वभाव

१. पवित्र आत्मा व्यक्ति हुनुहुन्छ

पवित्र आत्मा व्यक्ति हुनुहुन्छ
पवित्र आत्मा व्यक्तित्वबिहिन कुनै शक्ति अथवा प्रभाव हुनुहुन्न तर उहाँ त व्यक्ति हुनुहुन्छ। उहाँले सत्य कुरा बोल्नुहुन्छ (यूहन्ना १४:१६-१७), उहाँले परमेश्वरको इच्छाअनुसार हाम्रो निम्ति अन्तरविन्ती गर्नुहुन्छ (रोमी ८:२७), उहाँले पापपूर्ण स्वभाव विरुद्धका कुराहरू चाहना गर्नुहुन्छ (गलाती ५:१७) र उहाँ पापमा दु:खित बन्नुहुन्छ (एफिसी ४:३०-३१)।

पवित्र आत्मासँगको सम्बन्ध
पवित्र आत्मा व्यक्ति हुनुहुन्छ भन्ने तथ्य हामीले उहाँलाई कसरी अनुभव गर्दछौँ भन्ने कुरामा अति महत्वपूर्ण हुन्छ। यदि पवित्र आत्मा केवल शक्ति अथवा प्रभाव हुनुभएको भए हाम्रो प्रमुख उद्देश्य यस्तो हुन्थ्यो: "कसरी मैले पवित्र आत्माको शक्ति र प्रभाव बढी प्राप्त गर्न सक्छु?" (३०%, ४०% आदि।) तर पवित्र आत्मा व्यक्ति हुनुभएकोले गर्दा हाम्रो मनोवृत्ति यस्तो हुनुपर्छ, "कसरी पवित्र आत्माले मलाई बढी मात्रामा कब्जा (अथवा नियनत्रण) गर्नुहुन्छ?", "कसरी पवित्र आत्माले मेरो जीवनको क्षेत्रहरूमा बढी शासन गर्नुहुन्छ?" "कसरी मैले पवित्र आत्मासँग राम्रो सम्बन्ध राख्न सक्छु र उहाँको अगुवाइमा आफूलाई अझ समर्पित गर्न सक्छु?"

२. पवित्र आत्मा परमेश्वर हुनुहुन्छ

परमेश्वरले आफूलाई पिता र पुत्र र पवित्र आत्माद्वारा प्रकट गर्नुभएको छ (निर्देशिका पुस्तक २, परिपुरक लेख ८ हेर्नुहोस्)
यद्यपि परमेश्वरको स्वभाव बुझ्न नसकिने भए तापनि (अय्यूब ११:७-८क; १ तिमोथी ६:१५-१६), मानिसले उहाँलाई जान्न सक्ने तरिकाले परमेश्वरले आफूलाई प्रकट र अभिव्यक्त गर्नुभएको छ। परमेश्वरले आफूलाई कामहरूद्वारा (यशैया ४३:१३), वचनहरूद्वारा (मत्ती ४:४), आगोद्वारा (प्रस्थान ३:३-४), मानव शरीरद्वारा (यूहन्ना १:१,१४,१८; फिलिप्पी २:५-८; कलस्सी १:१५,१९; २:९; हिब्रू १:१-३) र आफ्ना जनहरूमा पवित्र आत्मामा वास गरेर प्रकट गर्नुभएको छ।

इसाईहरू पिता र पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा भएका हुन्छन् (मत्ती २८:१९)। यहाँ नाउँ भन्ने शब्द एक वचनमा छ, बहुवचनमा लेखिएको छ! परमेश्वरको नाउँ एउटै परमेश्वर अथवा एक ईश्वरको व्यक्तित्वमा प्रकट गरिएको छ (व्यवस्था ६:४)। 'पिता, पुत्र र पवित्र आत्मा'- यी शब्दहरूले ईश्वरीय स्वभावको एकतामा आन्तरिक भिन्नतालाई प्रकट गर्दछ। त्यसकारण, येशू ख्रीष्टलाई 'परमेश्वर हामीसँग', परमेश्वरको पुत्र' र 'परमेश्वर' भनिएको छ। त्यसैकारणले पवित्र आत्मालाई 'परमेश्वरको आत्मा', 'ख्रीष्टको आत्मा' र 'तपाईंमा ख्रीष्ट' भनिएको छ (रोमी ८:९-१०; प्रेरित १६:७) र त्यसैगरी 'परमेश्वर' पनि भनिन्छ (प्रेरित ५:३,५)।

पवित्र आत्माको अन्तर्निहित गुणहरू
पवित्र आत्मासँग परमेश्वरको जस्तै अन्तर्निहित गुणहरू हुन्छन्; जस्तै: पवित्रता (रोमी १:४), जीवन (रोमी ८:२), प्रेम (रोमी १५:३०), सत्यता (यूहन्ना १६:१३) र अनन्तता (हिब्रू ९:१४) आदि। सत्यता र प्रेम आफै अस्तित्वमा रहने गुणहरू होइनन् तर सृष्टिभन्दा पहिलेदेखि त्रिएकको व्यक्तित्वहरूबीच बाँडिने गुणहरू हुन् (ईश्वरीय स्वभावको आन्तरिक भिन्नतामा बाँडिने)। सृष्टिको समयपछि सत्यता र प्रेम मानिसहरूसँग बाँडिएको छ।

ब्रह्माण्डसँगको सम्बन्धमा पवित्र आत्माको गुणहरू
ब्रह्माण्डसँगको सम्बन्धमा पनि पवित्र आत्मासँग परमेश्वरका गुणहरू हुन्छन्।
सर्वव्यापी (हरेक ठाउँमा उपस्थित हुने) : परमेश्वर (भजन १३९:७-१०) र पवित्र आत्मा (यूहन्ना १४:१६-१७)।
सर्वशक्तिमान् (सबै शक्ति भएको) : परमेश्वर (उत्पत्ति १:१-२) र पवित्र आत्मा (भजन १०४:३०)।
सर्वज्ञानी (हरेक कुरा जान्ने) : परमेश्वर (भजन १३९:१-४) र पवित्र आत्मा (१ कोरिन्थी २:१०-११)।

३. पवित्र आत्माका नाउँहरू

पुरानो करारमा
पुरानो करारले प्रत्यक्षरूपमा ९० पटक पवित्र आत्मालाई उल्लेख गर्दछ र त्यहाँ उहाँको १८ वटा नाउँहरू पान्छन्। केही त्यस्ता नाउँहरूले परमेश्वरसँगको सम्बन्धलाई व्याख्या गर्छ; जस्तै: 'परमेश्वरको आत्मा'। केही नाउँहरूले उहाँको चरित्रलाई व्याख्या गर्छ; जस्तै: 'पवित्र आत्मा'। केही नाउँहरूले मानिसहरूमा उहाँको कामलाई व्याख्या गर्छ; जस्तै: 'बुद्धिको आत्मा' (यशैया ११:२)।

नयाँ करारमा
नयाँ करारले प्रत्यक्षरूपमा २५४ पटक पवित्र आत्मालाई उल्लेख गर्दछ र त्यहाँ उहाँको ३९ वटा नाउँहरू पाइन्छन्। केही नाउँहरूले उहाँको पितासँगको सम्बन्ध (मत्ती १०:२०) र केहीले पुत्रसँगको सम्बन्ध (रोमी ८:९-१०) लाई अभिव्यक्त गर्छन्। केही नाउँहरूले उहाँको ईश्वरीय महत्वलाई पुष्टि गर्दछ; जस्तै: 'प्रभु आत्मा हुनुहुन्छ' (२ कोरिन्थी ३:१७)। केही नाउँहरूले उहाँको महत्वपूर्ण चरित्रलाई प्रकट गर्दछ; जस्तै: 'पवित्र आत्मा'। केही नाउँहरूले इसाईहरूसँगको उहाँको सम्बन्ध र

तिनीहरूमा उहाँले गर्नुहुने कामलाई व्याख्या गर्दछ; जस्तै: 'सत्यको आत्मा' (यूहन्ना १४:१७) र 'अनुग्रहको आत्मा' (हिब्रू १०:२९)।

४. पवित्र आत्माको चिन्हहरू

आगो, बतास र पानीजस्ता पवित्र आत्माका चिन्हहरूले केको चित्रण गर्दछ?
प्रेरित २:१४ (मत्ती ३:११) : - 'पवित्र आत्मा र आगोको बप्तिस्मा'को अर्थ येशू ख्रीष्टले विश्वासीहरूलाई पवित्र आत्माको वरदानले आशिषित पार्नुहुनेछ (र उहाँको राज्यको निम्ति जम्मा गर्नुहुनेछ) तर विश्वास गर्न नचाहनेहरू सबैलाई नरकको आगोले न्याय गर्नुहुन्छ भन्ने हो। पेन्तिकोसको 'आगोको जिब्रोहरू' भनेको जोश र प्रेमसाथ सुसमाचार घोषणा गर्ने आत्माको शक्तिशाली वरदानको चिन्ह हो (प्रेरित ६:१० सँग तुलना गर्नुहोस्)।

यूहन्ना ३:३-८; प्रेरित २:२ : - 'ठूलो बतासको झोक्का'ले आत्माको सामर्थ्यलाई सङ्केत गरेको थियो, जुन त्यतिबेलासम्म अझै देखिएको थिएन। 'बतास जता चाहन्छ उतै बहन्छ'ले आत्माको पहिले नै बताउन नसकिने अनि रोक्न नसकिने नयाँ जन्म र नवीकरणको कामलाई सङ्केत गर्दछ।

यूहन्ना ७:३७-३९ : - 'जिउँदो पानीको खोलाहरू'ले पवित्र आत्मा पूरा मुक्तिको स्रोत हुनुहुन्छ र इसाईहरूमा रहिरहने पवित्रकरण अनि इसाईहरूलाई अरू मानिसहरूको निम्ति प्रशस्त आशिषहरूको माध्यमको स्रोत बनाउने कुरालाई यसले सङ्केत गर्दछ।

२ कोरिन्थी १:२१-२२ : - 'तेलको अभिषेक' भनेको इसाईहरूले पवित्र आत्माको सबै कामहरूसहित उहाँलाई ग्रहण गरिसकेका छन् र तिनीहरूले आफूलाई यस पृथ्वीमा अगमवाणी, पूजाहारीपन र राजकीय कामको निम्ति सुसज्जित पारिसकेका छन् भन्ने कुराको चिन्ह हो। 'छाप लगाइएको छ' भनेको पवित्र आत्माद्वारा इसाईहरू साँचोरूपमा नयाँ गरी जन्मिएका छन् र तिनीहरू परमेश्वरका हुन् अनि परमेश्वरले नै तिनीहरूलाई सुरक्षा दिनुहुन्छ भन्ने चिन्ह हो। 'बैना' भनेको इसाईहरूले पहले नै पवित्र आत्मा ग्रहण गरिसकेका छन् र भविष्यमा परमेश्वरले दिन गइरहनुभएको उत्तराधिकारको ग्यारेन्टी हो।

ख. मानिसहरूमा पवित्र आत्माको काम

पृथ्वीमा अब पवित्र आत्माले येशू ख्रीष्टलाई प्रतिनिधित्व गर्नुहुन्छ र उहाँले अविश्वासी र विश्वासीहरू दुवैमा काम गर्नुहुन्छ।

१. पवित्र आत्माले येशू ख्रीष्टको प्रतिनिधित्व गर्नुहुन्छ

पवित्र आत्माले यस पृथ्वीमा येशू ख्रीष्टको प्रतिनिधि हुनुहुन्छ
यूहन्ना १४:१६-१८; १६:१३-१५ पढ्नुहोस्।

टिप्पणी - आफ्ना चेलाहरूलाई टुहुरा छोड्नुहुनेछैन तर पवित्र आत्माको व्यक्तित्वमा उहाँ तिनीहरूमा आउनुहुनेछ भनी येशूले प्रतिज्ञा गर्नुभयो। 'सल्लाहकार' (English: counsellor; Greek: parakletos) भन्ने शब्दलाई 'प्रतिनिधि' भनेर अनुवाद गर्दा राम्रो हुन्छ, जसको अर्थ विशेषगरी दोष लगाउने अथवा न्यायकर्ताको विरुद्धमा तपाईंको पक्षमा सहायता गर्न बोलाइएको व्यक्ति हो। त्यसकारण उक्त शब्दलाई अधिवक्ता, सल्लाह दिने, सान्त्वना दिने र सहायता गर्ने भनेर पनि अनुवाद गर्न सकिन्छ।

पवित्र आत्मा इसाईहरूको प्रतिनिधिको रूपमा होइन तर येशू ख्रीष्टको प्रतिनिधिको रूपमा प्रथम स्थानमा हुनुहुन्छ! उहाँ इसाईहरूमा रहनुहुने येशू ख्रीष्टको आत्मा हुनुहुन्छ (रोमी ८:९-१०) र उहाँले इसाईहरूमा येशू ख्रीष्टको प्रतिनिधित्व गर्नुहुन्छ। उहाँले चेलाहरूलाई येशू ख्रीष्टले भन्नुभएको हरेक कुरा सम्झना दिलाउनुहुन्छ ताकि तिनीहरू नयाँ करारको सुसमाचारको पुस्तकहरू लेख्न सक्षम हुन सकून् (यूहन्ना १४:२६)। उहाँले येशू ख्रीष्टको बारेमा गवाही दिनुहुन्छ (यूहन्ना १५:२६) ताकि ख्रीष्टका चेलाहरू पृथ्वीको अन्तिम छेउसम्मै उहाँकका साक्षीहरू हुन सकून् (प्ररित १:८)।

पवित्र आत्माले ख्रीष्टबाट सुन्नुभएको सबै सत्यतातिर ख्रीष्टका चेलाहरूलाई डोऱ्याउनुहुन्छ ताकि ती चेलाहरू नयाँ करार धर्मशास्त्रलाई पूरा गर्न सक्षम हुन सके। उहाँले त्यसको निम्ति ख्रीष्टलाई बिन्ती गर्नुहुन्छ, ख्रीष्टको नाउँलाई सुरक्षा गर्नुहुन्छ र ख्रीष्टको अभिरुचिहरूलाई बचाउनुहुन्छ। उहाँले ख्रीष्टको सम्पत्तिको व्यवस्था गर्नुहुन्छ! उहाँले इसाईहरूलाई ख्रीष्टको

समानतामा परिवर्तन गर्नुहुन्छ (२ कोरिन्थी ३:१७-१८)। छोटकरीमा भन्ने हो भने पवित्र आत्माले मण्डलीमा इसाईहरूसँगको अनुभवमा येशू ख्रीष्टलाई महिमा ल्याउँछ!

पवित्र आत्मा र येशू ख्रीष्ट दुवैलाई प्रतिनिधि भनिन्छ
१ यूहन्ना २:१ पढ्नुहोस्।

टिप्पणी - पवित्र आत्मा र येशू ख्रीष्ट दुवैलाई 'प्रतिनिधि' अथवा 'अधिवक्ता' भनिन्छ। पवित्र आत्मा पृथ्वीमा ख्रीष्टको प्रतिनिधि अथवा अधिवक्ता हुनुहुँदा (यूहन्ना १४:१६,२६), येशू ख्रीष्ट स्वर्गमा परमेश्वरसँग इसाईहरूको प्रतिनिधि अथवा अधिवक्ता हुनुहुन्छ (१ यूहन्ना २:१)। पवित्र आत्माले पृथ्वीमा इसाईहरूको पक्षमा ख्रीष्टसँग बोल्नुहुँदा (यूहन्ना १६:१३-१५), ख्रीष्टले स्वर्गमा इसाईहरूको पक्षमा परमेश्वर पितासँग कुरा गर्नुहुन्छ (हिब्रू ७:२५; ९:२४)। (निर्देशिका पुस्तक २, परिशिष्ट लेख २ हेर्नुहोस्)। मानवीय स्वभावअनुसार, यशू ख्रीष्ट स्वर्गमा हुनुहुन्छ (प्रेरित २:३३) तर ईश्वरीय स्वभावअनुसार ख्रीष्ट येशू सर्वव्यापी हुनुहुन्छ र उहाँ स्वर्गमा (एफिसी १:२०-२१) अनि पृथ्वीमा (मत्ती २८:२०) हुनुहुन्छ। त्यसैगरी पवित्र आत्मा पनि सर्वव्यापी हुनुहुन्छ र उहाँ स्वर्गमा (यूहन्ना ४:२४; रोमी ८:२६-२७) अनि पृथ्वीमा (प्रेरित २:३३) हुनुहुन्छ।

इसाईहरूमा रहनुहुने येशू ख्रीष्ट पवित्र आत्मा हुनुहुन्छ
यूहन्ना १४:१६ पढ्नुहोस्।

टिप्पणी - येशू ख्रीष्ट स्वर्गमा उचालिनुभन्दा पहिले उहाँ पृथ्वीका मानिसहरूको लागि परमेश्वरको प्रतिनिधि हुनुहुन्थ्यो- उहाँ हाम्रो माझमा रहनुहुने परमेश्वर हुनुहुन्थ्यो (मत्ती १:२३)। तैपनि, उहाँको सांसारिक शरीरको सम्बन्धमा, येशू ख्रीष्ट पृथ्वीबाट अलग हुनुभयो र स्वर्गमा चढिजानुभयो (लूका २४:५०; प्रेरित १:९)।

स्वर्गबाट येशू ख्रीष्टले इसाईहरूको लागि 'अर्को प्रतिनिधि अथवा अधिवक्ता' पठाउनुभयो। येशू ख्रीष्टको मतलब 'अर्को फरक व्यक्ति' थिएन तर 'उहाँजस्तै अर्को प्रतिनिधि अथवा अधिवक्ता' थियो। उक्त व्यक्तिले पृथ्वीको इसाईहरूको माझमा परमेश्वर पिता र परमेश्वर पुत्रको प्रतिनिधित्व गर्नुहुन्थ्यो।

येशूले मानव अवतार लिनुहुँदा उहाँ पृथ्वीमा परमेश्वरको प्रतिनिधि अथवा अधिवक्ता हुनुहुन्थ्यो। उहाँ परमेश्वर हुनुहुन्थ्यो र उहाँले मानव स्वभाव धारण गरेर परमेश्वर-मानिस भएर आफ्नो सृष्टि र हाम्रो इतिहासमा प्रवेश गर्नुभयो। अब अहिलेको वर्तमान समयमा पवित्र आत्मा पृथ्वीमा परमेश्वर र येशू ख्रीष्टको प्रतिनिधि अथवा अधिवक्ता हुनुहुन्छ। येशू ख्रीष्ट पृथ्वीमा व्यक्तिगतरूपमा उपस्थित हुनुभएझैँ गरी पवित्र आत्मा इसाईहरूको माझमा पृथ्वीमा अहिले उपस्थित हुनुहुन्छ!

येशू ख्रीष्ट मानव शरीरको अवतारमा पृथ्वीमा हुनुहुँदा निश्चित ठाउँमा सीमित हुनुहुन्थ्यो (प्यालेस्टाइन) र उहाँ मानव इतिहासको निश्चित समय अवधिसम्म सीमित हुनुहुन्थ्यो (करिब इ.पू.४ देखि इ.सं.३० सम्म)। तर परमेश्वरको दाहिने हातद्वारा (औजारद्वारा) उहाँ स्वर्गमा उचालिनुभएपछि र परमेश्वरको दाहिने हातपट्टि (उचाली लगिएको ठाउँमा) बस्नुभएपछि (एफिसी १:२०-२१; १ पत्रुस ३:२२), उहाँले पिताबाट अघिल्लो प्रतिज्ञा प्राप्त गर्नुभयो, जुन पवित्र आत्मा हो र उहाँले यो प्रतिज्ञा पृथ्वीका इसाईहरूमाथि (प्रशस्तता र वंश दुवैमा जोड दिनुभएर) खन्याइदिनुभयो (आत्मा र उहाँको देख्न सकिने र सुन्न सकिने प्रभाव) (प्रेरित २:३३)। पवित्र आत्मा परमेश्वरको आत्मा अथवा ख्रीष्टको आत्मा हुनुभएकोले गर्दा उहाँ पृथ्वीको कुनै ठाउँमा सीमित हुनुहुन्न अनि त्यसैगरी मानव इतिहासको निश्चित समय अवधिमा सीमित हुनुहुन्न। पवित्र आत्मासँग मानवीय स्वभाव हुँदैन तर उहाँ मानिसहरूमा (इसाईहरूमा) वास गर्नुहुन्छ। पवित्र आत्माले परमेश्वरको र येशू ख्रीष्टको प्रतिनिधि अथवा अधिवक्ता भई पृथ्वीमा येशू ख्रीष्टको कामलाई निरन्तरता दिनुहुन्छ! पवित्र आत्मा इसाईहरूसँग र इसाईहरूमा सदासर्वदा बस्नुहुन्छ (यूहन्ना १४:१६-१७)!

पवित्र आत्मा र येशू ख्रीष्टलाई अलग गर्न सकिँदैन र उहाँहरूलाई अलग-अलग गरी ग्रहण गर्न सकिँदैन किनभने उहाँहरू एकै ईश्वरीय व्यक्ति हुनुहुन्छ अनि उहाँहरूसँग उही ईश्वरीय स्वभाव हुन्छ। पवित्र आत्मा 'येशूको अर्को व्यक्तित्व' हुनुहुन्छ। उहाँ हामी बस्नुहुने 'परमेश्वरको आत्मा' अथवा ' ख्रीष्टको आत्मा' हुनुहुन्छ! उहाँ 'हामीमा रहनुहुने ख्रीष्ट' हुनुहुन्छ (रोमी ८:९-१०; १ पत्रुस १:१०-११)। येशू ख्रीष्ट अझै पृथ्वीमा व्यक्तिगतरूपमा उपस्थित हुनुभएझैँ गरी पवित्र आत्मा पृथ्वीमा सबै इसाईहरूका लागि उपलब्ध हुनुहुन्छ!

२. पवित्र आत्माले संसारको पापको दोष देखाइदिनुहुन्छ

छलफल गर्नुहोस् र पत्ता लगाउनुहोस् - गैर-इसाईहरू र इसाईहरू भएको संसारसँगको सम्बन्धमा पवित्र आत्माको कामहरू के-के हुन्?

यूहन्ना ३:१६-१८,३६; १६:८-११; रोमी १:१८,२८--३२ पढ्नुहोस्।

टिप्पणी - 'दोष देखाउनु' भन्ने शब्दको अर्थहरू प्रकट गर्नु, दोष्याउनु, हप्काउनु, खण्डन गर्नु अथवा विश्वस्त तुल्याउनु हुन्छ।

पवित्र आत्माले मानिसहरूको पापलाई दोष्याउनु हुन्छ
पवित्र आत्माले पापको वास्तविकतालाई प्रकट गर्नुहुन्छ अनि पापलाई देखाइदिनुहुन्छ।

पवित्र आत्माले मानिसहरूको भक्तिहीनतालाई प्रकट गर्नुहुन्छ, जसको मतलब बाइबलमा आफूलाई सृष्टिको काममा प्रकट गर्नुहुने परमेश्वरसँगको गलत सम्बन्धलाई उहाँले देखाइदिनुहुन्छ। उहाँले तिनीहरूलाई प्रमेश्वरप्रति तिनीहरूको प्रेमको घटीकमीलाई देखाइदिनुहुन्छ। विशेष गरी उहाँले तिनीहरू परमेश्वरमा भर नपर्ने र उहाँको विरुद्धमा गर्ने विद्रोह गर्ने स्वभावलाई देखाइदिनुहुन्छ। तिनीहरू आफैप्रति केन्द्रित, आफैमा भर पर्ने, आफैले निर्णय गर्ने, आफै धर्मी ठहरिने, आफै सन्तुष्ट हुन खोज्ने, आफ्नो लागि मात्र खोजी गर्ने, आफै प्रशस्त हुन खोज्ने र आफ्नै इच्छा मात्र पूरा गर्न खोज्ने स्वार्थी चरित्रलाई दोष्याउनुहुन्छ।

त्यसैगरी पवित्र आत्माले मानिसहरूका दुष्टतालाई प्रकट गर्नुहुन्छ, जसको मतलब अरू मानिसहरूप्रति तिनीहरूको गलत सम्बन्धलाई देखाइदिनुहुन्छ। मानिसहरूप्रति गर्नुपर्ने प्रेमको घटीकमीलाई उहाँले देखाइदिनुहुन्छ। परमेश्वरले मनाही गर्नुभएका कामहरू गर्ने तर उहाँले दिनुभएका आज्ञाहरूलाई चाहिँ वेवास्ता गर्ने कुरामा उहाँले तिनीहरूलाई दोष्याउनुहुन्छ।

यसरी, पवित्र आत्माले मानिसहरूमा साँचो व्यक्तित्व ल्याउँछ, जसको अर्थ तिनीहरूमा परमेश्वरको पवित्र ज्योतिअनुसार साँचो चरित्र र आचरण विकास गरी मानिसहरूसँग तिनीहरूले कस्तो सम्बन्ध राखेको परमेश्वरले चाहनुहुन्छ भनी महसुस गराइदिन्छ।

पवित्र आत्माले मानिसहरूको पापपूर्ण अवस्थाको गम्भीरताको लागि तिनीहरूलाई हप्काउनुहुन्छ, खण्डन गर्नुहुन्छ र विश्वस्त तुल्याउनुहुन्छ। मानिसहरू गलत छन्, भक्तिहीन छन्, दुष्ट छन् र परमेश्वरको पवित्र व्यवस्थाहरू उलङ्घन गरी दोषी भएका छन् भनी उहाँले तिनीहरूका समझ र हृदयमा बोल्नुभएर तिनीहरूलाई हप्काउनुहुन्छ। तिनीहरूले परमेश्वरको विरुद्धमा गरेका सबै बहानाहरू, तर्कबितर्क अनि बहसहरूलाई उहाँले खण्डन गर्नुहुन्छ। परमेश्वरको नजरले तिनीहरूको दोष देखाइदिएर उहाँले तिनीहरूलाई विश्वस्त पार्नुहुन्छ र तिनीहरूलाई परमेश्वरको सामु शर्ममा पार्नुहुन्छ। आफू परमेश्वरको पवित्र अनि धार्मिक क्रोध र न्यायको सामु खडा छु भनी पवित्र आत्माले तिनीहरूलाई महसुस गराउनुहुन्छ (यूहन्ना ३:१८,३६)। उहाँले मानिसहरूलाई आफू मृत्युदण्ड पाउन योग्य छु भन्ने कुरामा विश्वस्त तुल्याउनुहुन्छ (रोमी ६:२३क)। यसरी, उहाँले तिनीहरूलाई आफ्ना पापहरूको गम्भीरता महसुस गराउनुहुन्छ अनि दोष, पाप र पछुतोको गहिरो भावनामा दोष्याउनुहुन्छ।

पवित्र आत्माले धार्मिकतामा मानिसहरूलाई दोष्याउनुहुन्छ
पवित्र आत्माले परमेश्वरको धार्मिकता र परमेश्वरले मानिसहरूबाट अपेक्षा गर्नुहुने धार्मिकता प्रकट गर्नुहुन्छ।

पवित्र आत्माले परमेश्वरले मानिसहरूको पक्षमा गर्नुभएको धार्मिकताको काम तिनीहरूलाई महसुस गराउनुहुन्छ। त्यसको मतलब, उहाँले मानिसलाई पाप र न्यायबाट बचाउनको लागि येशू ख्रीष्टद्वारा परमेश्वरले गर्नुभएको कामको सत्यता, वास्तविकता र खाँचोलाई विश्वस्त पार्नुहुन्छ। पापहरूको साँचो पश्चातापको निम्ति येशू ख्रीष्टले मानव स्वभाव धारण गरी क्रूसमा मर्नुपर्थ्यो थियो भन्ने कुरामा उहाँले मानिसहरूलाई विश्वस्त पार्नुहुन्छ। त्यसैगरी संसारमाथि विजयी हुनको निम्ति येशू ख्रीष्ट मृतकहरूबाट पुनरुत्थान हुनुभयो र स्वर्गको सिंहासनमा उचालिनुभयो भन्ने कुरामा उहाँले मानिसहरूलाई विश्वस्त पार्नुहुन्छ।

त्यसैगरी परमेश्वरले मानिसहरूबाट माग गर्नुहुने धार्मिकता पनि पवित्र आत्माले तिनीहरूलाई महसुस गराउनुहुन्छ। परमेश्वरको नजरमा मानिसहरू पूर्णरूपमा (१००%) धार्मिक नभएसम्म, तिनीहरू बचाइन सक्दैनन्। सम्पूर्ण व्यवस्था पालना गरे तापनि त्यसको एउटा पक्षमा चुक्यो भने तिनीहरू परमेश्वरको श्रापमा पर्दछन् (याकूब २:१०; गलाती ३:१० सँग तुलना गर्नुहोस्)! तिनीहरूले आफ्नो पक्षबाट येशू ख्रीष्टमा विश्वास गरी उहाँको सिद्ध धार्मिकता ग्रहण गर्नुपर्छ भनी पवित्र

आत्माले मानिसहरूलाई विश्वस्त तुल्याउनुहुन्छ (२ कोरिन्थी ५:२१ सँग तुलना गर्नुहोस्)। तसर्थ, यदि तिनीहरूले पश्चाताप गरेर येशू ख्रीष्टमा विश्वास गरे मात्र परमेश्वरको नजरमा धार्मिक ठहरिन सकिने सम्भावना छ भनी उहाँले मानिसहरूलाई दोष्याउनुहुन्छ।

पवित्र आत्माले मानिसहरूलाई न्यायको निम्ति दोष्याउनुहुन्छ
पवित्र आत्माले परमेश्वरको न्यायलाई प्रकट गर्नुहुन्छ। पवित्र आत्माले मानिसहरूलाई परमेश्वरको अन्तिम न्याय छ र साथै नरक पनि छ भन्ने कुरा महसुस गराउनुहुन्छ। यदि तिनीहरूले सत्यलाई तिरस्कार गरी येशू ख्रीष्टलाई इन्कार गर्छन् भने परमेश्वरको न्यायको सत्यता, वास्तविकता आवश्यक्ता हुन्छ भनी मानिसहरूलाई विश्वस्त पार्नुहुन्छ। मानिसहरू साँच्चै नै हराएका छन् र तिनीहरू अनन्त दण्डको योग्य छन् भन्ने कुरा पवित्र आत्माले तिनीहरूलाई महसुस गराउनुहुन्छ। मानिसहरू दोषी ठहरिएर पहिले नै धार्मी परमेश्वरको सामु खडा छन् र यदि तिनीहरूले पश्चाताप र विश्वास गर्दैनन् भने सदासर्वदाको लागि नास हुनेछन् भन्ने कुरा उहाँले मानिसहरूलाई विश्वस्त तुल्याउनुहुन्छ।

३. पवित्र आत्माले इसाईहरूमा काम गर्नुहुन्छ

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - इसाईहरूसँगको सम्बन्धमा पवित्र आत्माको कामहरू के-के हुन्?

पेन्तिकोसदेखि पवित्र आत्माले ख्रीष्टले क्रूसमा के कुरा सम्भव बनाउनुभएको थियो, सो इसाईहरूको लागि अहिले उपलब्ध तुल्याउनुहुन्छ। वर्तमान समयमा, ख्रीष्टले विगत इतिहासमा कमाउनुभएको कुरा पवित्र आत्माले विश्वासीहरूको जीवनमा लागु गराउनुहुन्छ। उहाँले येशू ख्रीष्टले विगतमा पूरा गर्नुभएको कामलाई इसाईहरूको जीवनमा अहिले लागु गर्नुहुन्छ। उहाँले मानिसहरूलाई पुनर्जीवित पार्नुहुन्छ, उहाँले तिनीहरूलाई परमेश्वरको वचन सुन्न लगाउनुहुन्छ, उहाँले तिनीहरूलाई आज्ञाकारितातिर डोऱ्याउनुहुन्छ र उहाँले तिनीहरूलाई सिद्ध तुल्याउनुहुन्छ।

पवित्र आत्माले मानिसहरूलाई पुनर्जीवित पार्नुहुन्छ
यूहन्ना ३:३,५ पढ्नुहोस्।

पुनर्जन्म भनेको परमेश्वरको अनन्तको समयको उद्देश्य थाहा पाउनु हो (२ थेसलोनिके २:१३-१४)। परमेश्वरको अनन्त उद्देश्य भनेको निश्चित मानिसहरूलाई छान्नु हो ताकि पवित्र आत्माको पवित्रकरणको कामद्वारा र सत्यमा गरिएको विश्वासद्वारा तिनीहरूलाई बचाउन सकियोस्। सुसमाचार प्रचारद्वारा इतिहासमा कुनै समय तिनीहरूलाई बोलाउनुभएर तिनीहरूका निम्ति अनन्त उद्देश्यको काम पूरा गर्नुभयो (एफिसी १:११)। पवित्र आत्माद्वारा उहाँले तिनीहरूलाई पुनर्जीवित र नवीकरण गर्नुहुन्छ (यूहन्ना ३:३-८)। उहाँले तिनीहरूलाई ईश्वरीय स्वभावको भागीदार बनाउनुहुन्छ (२ पत्रुस १:४), जसको मतलब तिनीहरू ईश्वरत्वको हिस्सेदार हुने होइन तर प्रेम, पवित्रता र धार्मिकताजस्ता ईश्वरीय विशेषताहरूको हिस्सेदार बन्छन्। पवित्र आत्माले यो काम यसरी गर्नुहुन्छ, कि विश्वासीहरूले पनि तिनीहरूको पुनर्जन्म र नवीकारण जान्न र त्यसलाई अनुभव गर्न सक्छन्। उहाँले इसाईको हृदयमा यसरी गवाही दिनुहुन्छ, कि ऊ परमेश्वरको सन्तान हो अनि ऊ परमेश्वरमा बस्छ र परमेश्वर उसमा बस्नुहुन्छ (रोमी ८:१६; १ यूहन्ना २:२०,२७; ४:१३)। इसाई कहिले पनि परमेश्वर बन्दैन तर आफ्नो आत्माद्वारा परमेश्वरचाहिँ इसाईहरूमा वास गर्नुहुन्छ। पवित्र आत्माको उद्देश्य भनेको मानिसहरूको व्यक्तिगत जीवनमा ख्रीष्टले क्रूसमा पूरा गर्नुभएको कामलाई लागु गरेर ख्रीष्टको महिमा गर्नु हो।

पुनर्जन्म भनेको पूर्णरूपमा परमेश्वरको सार्वभौमपूर्ण काम हो (तीतस ३:३-७)। त्यसैकारण, इसाईहरूले आफू परमेश्वरको दया र अनुग्रहले मात्र बचाइएको हो भनी स्वीकार गर्छन् (एफिसी २:८)। आत्माको पुनर्जन्मको कामले पापीको विवेकलाई असर गर्छ र ऊ परिवर्तन हुन्छ, जसको मतलब ऊ आफ्नो आत्म-निर्भरताबाट, पापपूर्ण संसारबाट र शैतानबाट परमेश्वरतिर फर्किन्छ (प्रेरित २:३७-४२; २६:१८)। जीवन परिवर्तनले पापको पछुतो र ख्रीष्टमा गरिने विश्वासलाई समेट्छ। र विश्वासचाहिँ परमेश्वरको सार्वभौम बोलावट (रोमी १०:१७), परमेश्वरको अनुग्रहको वरदान (एफिसी २:८; फिलिप्पी १:२९; प्रेरित १३:४८) को परिणाम हो र विश्वास गरेको समयमा नै उक्त व्यक्ति धर्मी ठहरिन्छ (रोमी ५:१)। विश्वास भनेको यस्तो खाली हात हो, जसले अनुग्रही परमेश्वरले दिनुहुने मुक्तिलाई ग्रहण गर्दछ (यूहन्ना १:१२)। सुसमाचारको प्रचारद्वारा मानिसहरूलाई जीवन परिवर्तनको निम्ति बोलावट दिइन्छ (मर्कूस १:१५; प्रेरित ३:१९; २६:१८; रोमी १०:१४-१७)। विश्वासप्रति प्रतिक्रिया जनाएर मानिसहरू धर्मी ठहरिन्छन् (रोमी ३:२२)। मानिसहरूले पुत्रत्वको आत्मा पाएर धर्मी ठहरिएपछि (रोमी ८:१५-१६; एफिसी १:४-५,१३; प्रेरित १५:७-११) परमेश्वरसँग नयाँ सम्बन्ध स्थापित हुन्छ (रोमी ५:१), जसको मतलब तिनीहरूले परमेश्वरको धर्मपुत्रहरू हौँ भनी दृढ विश्वास गर्नु हो। र धर्मी ठहरिएपछि तिनीहरू नयाँ र पवित्र जीवन जिउन सक्षम हुन्छन् (रोमी ६:४-१४)।

पवित्र आत्माले मानिसहरूलाई परमेश्वरको वचन सुन्ने बनाउनुहुन्छ
यूहन्ना १६:१३-१५; १४:२६ पढ्नुहोस्।

टिप्पणी - बाइबल पवित्र आत्माको विशेष औजार हो र यो उहाँको यस्तो तरवार हो, जसले गैर-इसाई र इसाईहरूको समझ, हृदय र जीवनलाई छेड्ने (असर गर्ने) काम गर्छ। आत्माले इसाईहरूको जीवनको सबै किसिमका परिस्थितिहरूमा शिक्षा दिन, तिनीहरूलाई उत्प्रेरित गर्न र परिवर्तन गर्न बाइबलको विशेष खण्डहरूलाई प्रयोग गर्नुहुन्छ (एफिसी ६:१७; हिब्रू ४:१२)। उहाँले इसाईहरूलाई बाइबलको सबै सत्यतातिर डोऱ्याउनुहुन्छ र येशू ख्रीष्टले सिकाउनुभएको सबै कुराहरूको बारेमा सिकाउनुहुन्छ (यूहन्ना १६:१३-१५; १४:२६)।

बाइबलको हरेक शब्द आत्मा र त्यसको त्रुटिहीन विषयवस्तुद्वारा अभिप्रेरित भएको छ। सम्पूर्ण बाइबल इसाई शिक्षा र जीवनको एक मात्र आधिकारिक मापदण्ड हो। बाइबल सत्यता सिकाउन, पाप देखाइदिन, परमेश्वरको विरुद्धको बहानाहरू र बहसहरूलाई खण्डन गर्न, मानिसहरूलाई सच्याएर परमेश्वरको मार्गहरूमा फर्काउन, परमेश्वरको नजरमा ठीक देखिने कुराहरूद्वारा तिनीहरूलाई तालिम दिन र परमेश्वरको काम गर्न तिनीहरूलाई सुसज्जित पार्न उपयोगी छ (२ तिमोथी ३:१६-१७)।

बाइबल परमेश्वरको वचन भएकोले सत्य छ र पवित्र आत्माचाहिँ सत्यको आत्मा हुनुहुन्छ (यूहन्ना १७:१७; १४:१७)। बाइबलमा भएको परमेश्वरको वस्तुगत निष्पक्ष वचनहरू मानिसहरूको भावनाहरूद्वारा प्रभावित अगमवाणीहरू र कल्पनाहरूसँग स्पष्ट भिन्नता हुन्छ (यर्मिया २३:९-३२)। यर्मिया २३ अध्यायमा हेर्ने हो भने झूटा अगमवक्ताहरूको विशेषता देख्न सकिन्छ। तिनीहरूले भविष्यमा इस्राएलमा कुनै हानि-नोक्सानी र खराबी हुनेछैन भनी घोषणा गर्न चाहन्थे तर साँचा अगमवक्ताहरूले आफ्ना विशेषताअनुसारको घोषणाद्वारा परमेश्वरले तिनीहरूलाई पश्चाताप गर्नुपर्छ भन्ने वचनहरू प्रकट गरिदिए। इसाईहरूले सधैँ आत्माले तिनीहरूको हृदयमा दिनुहुने आत्मपरक अगुवाइलाई बाइबलमा भएको परमेश्वरको निष्पक्ष वचनसँग जाँच गर्नुपर्छ। साँचो इसाईहरू कहिले पनि बाइबलमा लेखिएकोभन्दा बाहिर जाँदैनन् (१ कोरिन्थी ४:६)। यी माथिका सबै कुरालाई सारंशमा भन्ने हो भने पवित्र आत्माले इसाईहरूलाई बाइबलको माध्यमद्वारा डोऱ्याउनुहुन्छ। त्यसकारण, हाम्रो जीवनमा बाइबल सुन्नु, पढ्नु, अध्ययन गर्नु, मनन गर्नु, कण्ठ गर्नु र त्यसलाई लागु गर्नु अति महत्वपूर्ण छ!

पवित्र आत्माले इसाईहरूलाई परमेश्वरको वचनप्रति आज्ञाकारी बनाउनुहुन्छ
१ पत्रुस १:२ पढ्नुहोस्।

टिप्पणी - पवित्र आत्माले इसाईहरूलाई बाइबलको सत्यताहरू बुझ्न सक्ने तुल्याउनुहुन्छ (एफिसी १:१७-१८)। उहाँले इसाईहरूको समझ, हृदय र जीवनमा बाइबलको सत्यताहरू यसरी लागु गर्नुहुन्छ ताकि तिनीहरू परमेश्वर र उहाँको वचनप्रति अझ बढी समर्पित हुन सकून्। पवित्र आत्माको पवित्रकरणको कामले विशेषगरी इसाई येशू ख्रीष्टप्रति आज्ञाकारी हुने कुरालाई समेटेको हुन्छ (१ पत्रस १:२)! परमेश्वरले उहाँप्रति आज्ञाकारी हुने मानिसहरूलाई उहाँको पवित्र आत्मा दिनुभएको छ (प्रेरित ५:३२)। त्यसकारण, पवित्र आत्मा भन्नुहुन्छ, "यदि आज तिमीहरूले उहाँको आवाज सुन्छौ भने, तिमीहरूले विद्रोहमा गरेझैँ गरी आफ्नो हृदय कठोर नपार' (हिब्रू ३:७-८)। त्यसकारण, इसाईहरूले आफ्नो माझमा कोही पापपूर्ण (भक्तिहीन, दुष्ट), अविश्वासी (सङ्का गर्ने, आलोचनात्मक) अथवा कठोर (विरोधी, विद्रोही) हृदय भएर जीवित परमेश्वरबाट तर्किजाने व्यक्ति छ कि भनेर हेर्नु तिनीहरूको जिम्मेवारी हो। त्यसको सट्टामा इसाईहरूले बाइबलमा भएका परमेश्वरको वचनप्रति आज्ञाकारी हुनको निम्ति एकले अर्कोलाई हरेक दिन उत्साह दिनुपर्छ (हिब्रू ३:१२-१३)। त्यसकारण, जसको कान छ, त्यसले संसारको सबै इसाई मण्डलीहरूलाई आत्माले के भन्नुहुन्छ भनी सुन्नुपर्छ (प्रकाश २:१,७)। त्यसकारण, पवित्र आत्माको धारणाअनुसार जिउने मानिसहरू परमेश्वर र परमेश्वरको वचनप्रति समर्पित हुन चाहन्छन्, समर्पित हुन्छन् र निश्चितरूपमा समर्पित भइरहनेछन्। तिनीहरूले परमेश्वरप्रति आज्ञाकारी हुने र उहाँलाई प्रसन्न पार्ने लक्ष्य बनाउँछन्। तर, आफ्नै धारणाअनुसार जिउने मानिसहरूले परमेश्वर र उहाँको वचनप्रति आफूलाई समर्पण गर्न चाहँदैनन्, समर्पण गर्न सक्दैनन् र तिनीहरू निश्चितरूपमा उहाँप्रति समर्पित हुनेछैनन् (रोमी ८:५-८; कलस्सी १:९-१२)। आत्माको कामको सम्बन्धमा बाइबलले जोड दिएको कुरा भनेको नयाँ ज्ञान प्राप्त गर्नु होइन तर बाइबलमा पहिले नै प्रकट गरिएका ज्ञानप्रति आज्ञाकारी हुनु हो।

पवित्र आत्माले इसाईहरूलाई शुद्ध पार्दछ
गलाती ५:१३-२६ पढ्नुहोस्।

टिप्पणी - पवित्र आत्माले इसाईहरूलाई शुद्ध पार्नुहुन्छ र तिनीहरू परिवर्तन भएर झन्-झन् येशू ख्रीष्टजस्तै हुँदैजान्छन् (२ कोरिन्थी ३:१७-१८)। आफूमा वास गर्नुहुने पवित्र आत्माको शक्तिद्वारा इसाईहरूले आफ्नो शरीरका पापपूर्ण कार्यहरूलाई मार्दछन् (रोमी ८:१३)। अब तिनीहरू पापपूर्ण स्वभावमा जिइरहने कुरालाई रोज्दैनन् तर पवित्र आत्माको सामर्थ्यको अगुवाइमा जिएर पवित्र आत्माको फल फलाउँछन्। मानिसको पापपूर्ण स्वभाव यौनजन्य अनैनिकता अनि अत्याधिक मोजमज्जा गर्ने शारीरिक पाप, मूर्तिपूजा, जादु, तन्त्र-मन्त्रजस्ता आत्मिक पाप, स्वार्थपूर्ण अभिलाषा र झैझगडाजस्ता सामाजिक पापद्वारा प्रकट हुने गर्छ। आत्माको फलचाहिँ प्रेम, आनन्द र शान्तिजस्ता आत्मिक गुणहरू, धैर्य, दया र भलाइजस्ता सामाजिक गुणहरू र परमेश्वरप्रतिको विश्वासयोग्य सम्बन्धहरू, मानिसहरूप्रतिको भद्र र शिष्ट व्यवहार अनि आफ्नै जीवनको आत्म-संयमजस्ता कुराहरूद्वारा प्रकट हुने गर्छ।

'आत्माद्वारा जिउनु', 'आत्माद्वारा डोऱ्याइनु' अथवा 'आत्मामा पाइला चाल्नु'- यी सबैको अर्थ इसाईले येशू ख्रीष्टलाई आफ्नो हृदय अथवा अन्तस्करणमा प्रभु र मालिकको रूपमा बस्न दिनु हो। त्यसो गरेमा उहाँले इसाईको जीवनलाई नियन्त्रण गरेर त्यसलाई अझ धेरै प्रभाव पार्नुहुन्छ अनि ऊ त्यसपछि ख्रीष्टको अधिकार र इच्छाप्रति घरीघरी समर्पित भइरहन्छ। इसाईमा पवित्र आत्माको दृश्य प्रमाण भनेको आत्माको फल नै हो; जसमा विशेषगरी प्रेम पहिलो स्थानमा पर्छ (गलाती ५:१३-२६; एफिसी ३:१६-१७)।

सारंश - पवित्र आत्माले मानिसहरूलाई आफ्नो हराएको अवस्था, ख्रीष्टलाई जान्ने र महिमा दिने अनि बाइबल बुझ्ने र त्यसप्रति आज्ञाकारी हुने कुराहरूप्रति ध्यान दिन लगाएर गहिरो बाइबलीय दृढविश्वासतिर डोऱ्याउनुहुन्छ। त्यसैगरी पवित्र आत्माले परमेश्वरको सिद्ध इच्छाअनुसार इसाईहरूको निम्ति प्रार्थना पनि गर्नुहुन्छ (निर्देशिका पुस्तक २, परिशिष्ट लेख २)। उहाँले मानिसहरूमा साँचो रूपान्तरण ल्याउनुहुन्छ र उक्त रूपान्तरणको साँचो अनुभव गर्न दिनुहुन्छ।

ग. मण्डलीभित्र पवित्र आत्माको काम

पेन्तिकोसमा पवित्र आत्मा खन्याइएकोले तीन वटा घटनाहरूलाई बताउँछ:
पेन्तिकोसको घटना मसिह हुनुहुने येशू ख्रीष्टको कार्यालयको छाप थियो (प्रेरित २:३२-३६)।
पेन्तिकोसको घटना मण्डली संस्थागत भएको विशेष समारोह थियो (प्रेरित २:३७-४७)।
पेन्तिकोसको घटनाले चेलाहरूलाई तिनीहरूको काम गर्न सामर्थ्यवान बनायो (प्रेरित १:८)।
अब हामी पवित्र आत्माको ती तीन कामहरूलाई अझ नजिकबाट हेरौँ।

१. पवित्र आत्माले इसाईहरूको अनुभवमा येशू ख्रीष्टको महिमा गर्नुहुन्छ

छलफल गर्नुहोस् र पत्ता लगाउनुहोस् - येशू ख्रीष्टसँगको सम्बन्धमा पवित्र आत्माको कामहरू के-के हुन्?

टिप्पणी - पवित्र आत्माले येशू ख्रीष्टलाई इसाई मण्डलीको केन्द्रमा राख्नुहुन्छ।

पवित्र आत्माले येशू ख्रीष्टको व्यक्तिगत ज्ञान दिनुहुन्छ
२ कोरिन्थी ४:६ पढ्नुहोस्।

टिप्पणी - पवित्र आत्माले अदृश्य परमेश्वरको प्रकाशलाई येशू ख्रीष्टको दृश्य मानव अवतारद्वारा व्याख्या गर्नुहुन्छ। उहाँले परमेश्वरको ज्योति इसाईहरूको हृदयमा चम्काउनुहुन्छ, जसको मतलब उहाँले परमेश्वरको महिमित विशेषताको ज्ञान तिनीहरूको हृदयमा प्रत्यक्षरूपमा दिनुहुन्छ, जुन उहाँले तिनीहरूको निम्ति येशू ख्रीष्टमा प्रकट गर्नुभएको छ (२ कोरिन्थी ४:६; कलस्सी १:१५)। पवित्र आत्माले येशू ख्रीष्टको प्रकाशको अभिलेख भएको बाइबलको प्रचार र शिक्षाद्वारा जीवित परमेश्वरको ज्ञान तिनीहरूलाई दिनुहुन्छ (यूहन्ना २०:३०-३२; प्रेरित ८:३५)।

पवित्र आत्माले येशू ख्रीष्टको सम्बन्धमा गवाही दिनुहुन्छ
यूहन्ना १५:२६; १६:१४ पढ्नुहोस्।

टिप्पणी - पवित्र आत्माले आफूलाई केन्द्रमा राख्नुहुन्न तर येशू ख्रीष्टलाई केन्द्रमा राख्नुहुन्छ र इसाईहरूको अनुभवद्वारा जीवनमा उहाँको महिमा गर्नुहुन्छ (यूहन्ना १६:१४)।

पवित्र आत्माले ख्रीष्टको वचनहरू बोल्नुहुन्छ
यूहन्ना १४:२६; १६:१४-१५ पढ्नुहोस्।

टिप्पणी - पवित्र आत्माले आफू ख्रीष्टमा भर नपरीकन बोल्नुहुन्न।

पवित्र आत्माले साँचो इसाईहरूलाई येशू ख्रीष्ट प्रभु हुनुहुन्छ भनी स्वीकार गराउनुहुन्छ
१ कोरिन्थी १२:३ पढ्नुहोस्।

टिप्पणी - पवित्र आत्माले इसाईहरूको दैनिक जीवनमा येशू ख्रीष्ट तिनीहरूका प्रभु र मालिक हुनुहुन्छ भनी देखाउनुहुन्छ। उहाँले तिनीहरूलाई येशू ख्रीष्टप्रति समर्पित हुन र आज्ञाकारी हुन लगाउनुहुन्छ (रोमी ८:५-८; १ पत्रुस १:२)।

सारंश - आत्माको गतिविधिको व्यक्तिगत अथवा सामुहिक अनुभवको दाबीको जाँच भनेको उहाँले येशू ख्रीष्टलाई दिनुहुने स्थान हो। यदि कुनै इसाई अथवा इसाई मण्डलीले मानिसको महिमा गर्छ अथवा केही अन्य आत्मिक अनुभलाई ठूलो बनाउँछ भने, त्यहाँ पवित्र आत्माको छाप र चिनारीको कमी हुँदछ। पवित्र आत्माले येशू ख्रीष्टप्रतिको प्रेम चिसो हुँदै गएको हेर्न र त्यसलाई सहन सक्नुहुन्न! पवित्र आत्माको मुख्य काम भनेको इसाईहरूको अनुभमा येशू ख्रीष्टको महिमा गर्नु हो।

२. पवित्र आत्मा इसाई मण्डलीको प्रशासक हुनुहुन्छ

छलफल गर्नुहोस् र पत्ता लगाउनुहोस् - मण्डलीसँगको सम्बन्धमा पवित्र आत्माको कामहरू के-के हुन्?

पवित्र आत्माले इसाई मण्डलीलाई परमेश्वरको वासस्थान बनाउँछ।
एफिसी २:२२ पढ्नुहोस्।

टिप्पणी - पेन्तिकोसभन्दा पहिले चेलाहरू व्यक्तिहरूको खुकुलो दलमा थिए। तर पवित्र आत्मा खन्याइएपछि तिनीहरू ख्रीष्टको एउटै शरीर भए, जुन भवन होइन, संगठन मात्र पनि होइन तर एउटै जीउ भए (१ पत्रुस २:४-५)।

पवित्र आत्माले इसाईहरूलाई मण्डलीको साँचो सदस्य बनाउँछ
१ कोरिन्थी १२:११-१३ पढ्नुहोस्।

टिप्पणी - केवल पवित्र आत्माले मात्र कुनै व्यक्तिलाई ख्रीष्टको शरीर, मण्डलीको साँचो सदस्य बनाउँछ। 'आत्माको बप्तिस्माद्वारा', जसको मतलब पुनर्जन्मद्वारा मात्र कुनै व्यक्ति साँचो इसाई र ख्रीष्टको शरीरको (अथवा ख्रीष्टको मण्डलीको) साँचो सदस्य बन्दछ। पुनर्जन्मद्वारा ख्रीष्ट इसाईमा वास गर्नुहुन्छ र इसाई ख्रीष्टमा वास गर्दछ (यूहन्ना १:१२-१३)। पुनर्जन्मद्वारा इसाईको शरीर पवित्र आत्माको मन्दिर बन्दछ (१ कोरिन्थी ३:१६) र उक्त इसाई पृथ्वीमा ख्रीष्टको शरीरको भाग बन्दछ।

पवित्र आत्माले एल्डरहरूलाई इसाई मण्डलीको साँचो अगुवाहरू (रेखदेख गर्नेहरू) बनाउनुहुन्छ
प्रेरित २०:१७,२८ पढ्नुहोस्।

टिप्पणी - पवित्र आत्मामाले मात्र स्वतन्त्र मण्डलीहरूलाई प्रभावकारी ढङ्गमा काम गर्नसक्ने तुल्याउनुहुन्छ, र ती मण्डलीहरू एक भएर विश्वव्यापी मण्डली बन्दछ। पवित्र आत्माले यस्ता कामहरूको लागि एल्डरहरू नियुक्त गर्नुहुन्छ। गोठालोहरू र पास्टरहरू (बहुवचनलाई ध्यान दिनुहोस्!) भएको हैसियतले तिनीहरू विशेषगरी मानिसहरूमा केन्द्रित हुनुपर्छ। तिनीहरूले मानिसहरूलाई वास्ता गर्नुपर्छ, रेखदेख गर्नुपर्छ, खुवाउनुपर्छ, सुरक्षा दिनुपर्छ र डोऱ्याउनुपर्छ। तिनीहरू रेखदेख र व्यवस्था गर्नेहरू भएको हुनाले तिनीहरू गतिविधिहरूमा केन्द्रित हुनुपर्छ र विशेषगरी मण्डलीका विभिन्न कार्यहरूलाई ठीकसँग व्यवस्था मिलाउनु पर्दछ।

पवित्र आत्मा इसाई मण्डलीको असल शिक्षा र अभ्यासहरूको लागि जिम्मेवार हुनुहुन्छ
प्रेरित १५:२८; २ तिमोथी ३:१६-१७ पढ्नुहोस्।

टिप्पणी - इसाई मण्डलीमा हुने छलफलहरूलाई बाइबलीय आधारमा सहमतिमा ल्याउन पवित्र आत्माले मात्र डोऱ्याउन सक्नुहुन्छ। प्रजातान्त्रिक ढङ्गमा चुनाव गरेर निर्णयहरू गर्ने आधुनिक अभ्यासले बाइबलमा भएको परमेश्वरले प्रकट गरिदिनुभएको उहाँको इच्छालाई कहिले पनि विस्थापित गर्नु हुँदैन! इसाई मण्डलीहरूले ख्रीष्टले आफ्नो आत्माद्वारा के भन्नुहुन्छ, त्यसलाई जसरी भए पनि सुन्नैपर्छ (प्रकाश २:१,७)।

पवित्र आत्माले इसाईहरूलाई सार्वभौम तरिकाले आत्मिक वरदानहरू दिनुहुन्छ
रोमी १२:४-८; १ कोरिन्थी १२:११ पढ्नुहोस्।

टिप्पणी - इसाईहरूले कुन-कुन वरदानहरू प्राप्त गर्ने भन्ने कुरा पवित्र आत्माले मात्र निर्धारण गर्नुहुन्छ। ती आत्मिक वरदानहरूको उद्देश्य इसाई मण्डलीलाई निर्माण गर्नु हो। फरक-फरक आत्मिक वरदानहरूको विविधताले इसाईहरू र इसाई मण्डलीहरू एकै खालको होस् भनी परमेश्वरले चाहनुहुन्न भन्ने कुरालाई देखाउँछ। उहाँले विभिन्न ढाँचा र संङ्ख्याका मण्डलीहरू चाहनुहुन्छ! इसाई मण्डलीभित्र मानिसहरूको लुगा लगाउने तरिका, बोल्ने तरिका र काम गर्ने तरिका एउटै हुँदैन र मण्डलीभित्र तिनीहरूले गर्ने सेवा पनि एउटै हुँदैन। हरेक मानिसको शरीरझैँ, इसाई मण्डलीभित्र विभिन्न किसिमका फरक-फरक व्यक्तित्व भएका मानिसहरू हुन्छन्। तिनीहरूसँग विभिन्न किसिमका आत्मिक वरदानहरू हुन्छन् र तिनीहरू फरक-फरक किसिमका आत्मिक कामहरू गर्दछन्। केही इसाईहरू मुखजस्तै हुन्छन् र तिनीहरूले प्रचार गर्ने अथवा शिक्षा दिनेजस्ता आत्मिक वरदानहरू अभ्यास गर्छन्। तिनीहरू पास्टर अथवा सेवकहरू अथवा एल्डरहरू अथवा शिक्षकहरू अथवा प्रचारकहरूकको काम गरेर सेवा गर्नको लागि सुहाउँदा मानिसहरू हुन्। अरू इसाईहरूचाहिँ हृदयजस्ता हुन्छन् र तिनीहरूले दया देखाउने अथवा सहायता गर्ने आत्मिक वरदानहरू अभ्यास गर्छन्। तिनीहरूको लागि बिरामीहरू भेट्न जाने, गरिब र अपाङ्गहरूलाई सहायता गर्ने अनि लागु-औषधिको दुर्व्यसनीहरूलाई रेखदेख गर्ने सेवाहरू सुहाउँदो हुन्छ।

पवित्र आत्माले इसाई भेलाहरू र सेवाहरूलाई डोऱ्याउनुहुन्छ
एफिसी ५:१८-१९; ६:१८; फिलिप्पी ३:३ पढ्नुहोस्।

टिप्पणी - पवित्र आत्माले मात्र इसाई भेलाहरू र सेवाहरूमा आत्माको भरपूरी दिन सक्नुहुन्छ; जस्तै: आलोचनात्मक र न्याय गर्ने नभई हरेक कुरा र हरेक परिस्थितिमा निरन्तर धन्यवादी हुने इसाईहरू बनाउनु। यसरी, पवित्र आत्माले तिनीहरूका छलफलहरू, गवाही दिने कामहरू, प्रचार, शिक्षा, आराधना, प्रार्थनाहरू र गीत-भजनलाई डोऱ्याउनुहुन्छ।

सारंश - पवित्र आत्माले इसाई मण्डलीभित्र मानिसहरू र तिनीहरूको गतिविधिहरूलाई प्रभावकारी ढङ्गमा व्यवस्था मिलाउनुहुन्छ।

३. पवित्र आत्मा संसारमा इसाई मिसनको कार्यान्वयनकर्ता हुनुहुन्छ

छलफल गर्नुहोस् र पत्ता लगाउनुहोस् - मिसनको सम्बन्धमा पवित्र आत्माको कामहरू के-के हुन्?

पवित्र आत्माले मिसेनरी हुने इसाईहरूलाई व्यक्तिगतरूपमा छानेर बोलावट दिनुहुन्छ
प्रेरित १३:१-४ पढ्नुहोस् (प्रेरित २६:१३-१८; १ कोरिन्थी १:१ सँग तुलना गर्नुहोस्)।

टिप्पणी - संसारमा गर्न आवश्यक मिसनको काम पूरा गर्न सक्ने असल व्यक्ति को-को हुन् भनी परमेश्वरले मात्र चिन्नुहुन्छ। उहाँले नै मिसेनरी हुनको निम्ति विशेष इसाईहरूलाई छानेर बोलाउनुहुन्छ। मण्डलीले त्यस्ता मानिसहरूलाई स्थानीय जिम्मेवारीहरूबाट स्वतन्त्र गरिदिनुपर्छ र तिनीहरूलाई प्रार्थना गर्ने र यदि सम्भव छ भने आर्थिकरूपमा सहायता गर्नुपर्छ।

पवित्र आत्माले प्रत्येक इसाईलाई उसले गर्नुपर्ने काम दिनुहुन्छ
१ कोरिन्थी १२:४-६,११ पढ्नुहोस् (मर्कूस १३:३४; १ कोरिन्थी ३:५-९ सँग तुलना गर्नुहोस्)।

टिप्पणी - प्रत्येक इसाईलाई व्यक्तिगतरूपमा कुन काम ठीकसँग सुहाउँछ भन्ने कुरा परमेश्वरले मात्र जान्नुहुन्छ। त्यसकारण, उक्त कामलाई उत्तम तरिकाले कार्यान्वयन गर्नको निम्ति पवित्र आत्माले प्रत्येक व्यक्तिलाई उहाँको इच्छाअनुसार आत्मिक वरदान दिनुहुन्छ।

पवित्र आत्माले ढोकाहरू खोल्नुहुन्छ अनि बन्द गर्नुहुन्छ
प्रेरित १६:६-१० पढ्नुहोस् (कलस्सी ४:३; प्रकाश ३:७-८ सँग तुलना गर्नुहोस्)।

टिप्पणी - यो समयमा कुन ठाउँमा जानु रणनैतिक ढङ्गमा ठीक छ र त्यहाँ पूरा गर्नुपर्ने कामको निम्ति कुन-कुन मानिसहरू सुहाउँदा छन् भन्ने कुरा परमेश्वरलाई मात्र थाहा हुन्छ। उहाँले मात्र आफ्ना सेवकहरूको अवसरको लागि ढोकाहरू खोल्नुहुन्छ र बन्द गर्नुहुन्छ। पवित्र आत्माद्वारा आफ्ना सेवकहरूको हृदयलाई डोऱ्याएर अनि विशेष परिस्थितिहरूको व्यवस्था मिलाएर ख्रीष्टले उहाँको काम पूरा गर्नुहुन्छ। पवित्र आत्माले इसाई सेवकहरूलाई विशेष अनि महत्वपूर्ण व्यक्तिहरूको जीवन परिवर्तन गर्न तिनीहरूतिर डोऱ्याउनुहुन्छ; जस्तै: इथियोपियाको सरकारी अधिकारी (प्रेरित ८:२९-३५) र रोमी सैनिक अधिकारी (प्रेरित १०:१९-२९)। त्यसको साथै पवित्र आत्माले इसाई सेवकलाई आत्मा छुट्ट्याउने वरदान पनि दिनुहुन्छ, ताकि उसले दुष्ट आत्माको खराब योजनाहरू देखेर त्यहाँ अधिकारपूर्ण तरिकाले काम गर्न सक्छ (प्रेरित १३:९-११)।

पवित्र आत्माले इसाई सेवकहरूलाई उत्साह दिनुहुन्छ
प्रेरित १३:४९-५२ पढ्नुहोस्।

टिप्पणी - उहाँले सतावटको माझमा पनि भर्खरै परिवर्तन भएका नयाँ इसाईहरूलाई उत्साह र आनन्द दिनुहुन्छ।

सारंश - पवित्र आत्माले महान् आदेशलाई प्रभावकारी ढङ्गमा निर्देशन गर्नुहुन्छ।

५	**प्रार्थना** (८ मिनेट)	**[प्रतिक्रियाहरू]** **परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना**

समूहमा पालैपालो गरी तपाईंले आज के सिक्नुभएको छ, त्यसबारे प्रतिक्रियात्मकरूपमा परमेश्वरसँग छोटो प्रार्थना गर्नुहोस्। अथवा दुई वा तीन जनाको समूहमा विभाजन भएर तपाईंले आज जे सिक्नुभएको छ, सोबारे परमेश्वरसँग प्रतिक्रिया जनाउँदै प्रार्थना गर्नुहोस्।

६	**गृहकार्यको निम्ति तयारी** (२ मिनेट) **अर्को पाठको निम्ति**	

(**समूहको अगुवा** - तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

१. **प्रतिवद्धता -** चेलाहरू बनाउनको निम्ति प्रतिवद्धता जनाउनुहोस्। 'इसाई आत्म-सम्मान'को बारेमा अर्को व्यक्तिलाई अथवा मानसिहरूको समूहमा प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा अध्ययन गर्नुहोस्।
२. **परमेश्वरसँगको व्यक्तिगत समय -** प्रत्येक दिन एक अध्याय पढेर विद्यार्थीहरूलाई परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (रोमी ५-८ अध्याय)। पढेको खण्डबाट आफूलाई मनपर्ने सत्यता पत्ता लगाउने तरिका प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।
३. **बाइबल अध्ययन -** घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। एफिसी ६:१-४ विषय: इसाई परिवारलाई के कुराले चित्रण गर्छ? बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।
४. **प्रार्थना -** कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।
५. **चेलाहरू बनाउने विषयमा तपाईंको कापीलाई अद्यावधिक बनाउनुहोस्।** आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।